# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (४), संख्या २, हुप्सेकोट, जेठ २५ गते आइतबार, २०७७ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

हुप्सेकोट गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को उपदफा (१) बमोजिम हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७७

## कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७७

परम्परागत कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यावसायीकरण मार्फत औद्योगिकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सो को अभ्यास गराउँदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृर्षि प्रविधिलाई सरल र सहजरुपमा कृषक माझ पुऱ्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा (२) (१) (ण) (१), (द) (१), (द) (५) र हुप्सेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा २ (च) र दफा ३६ बमोजिम कृषक समुह गठन, परिचालन र नियमन गर्न "कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७५" तयार गरी लागु गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

१)यो कार्यविधिको नाम"कृषक समूह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७६" हुनेछ ।

२)यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

१)**"समूह"** भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका १५जना वा सो भन्दा बढी २५ जना सम्म भएको कृषकहरुको समूहलाई बुझाउनेछ। तर २५जना भन्दा बढी सदस्य बनाउनु परेमा यथेस्ठ कारण पेश गर्नु पर्ने छ।

२)**"कृषि"** भन्नाले हुप्सेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७४ को दफा २ (छ) बमोजिमका कार्यहरुलाई जनाउनेछ ।

३)**"कृषि व्यवसाय"** भन्नाले हुप्सेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा २(ट) बमोजिमका व्यावसायिक कार्यहरुलाई बुझाउनेछ ।

४)**"गाउँपालिका"** भन्नाले हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झ्यालबास जनाउने छ ।

५)**"शाखा"** भन्नाले हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झ्यालबासको कृषि विकास शाखा र पशुशेवा शाखालाई जनाउने छ ।

६)**"अध्यक्ष"** भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउने छ ।

७)**"उपाध्यक्ष"**भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई जनाउने छ ।

८)**"सचिव"** भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउने छ ।

९)**"सदस्य"** भन्नाले यसै निर्देशिका बमोजिम कृषक समूहको सदस्यलाई बुझाउने छ ।

१०)**"सेवा केन्द्र"** भन्नाले हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरुले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेको कृषि वा पशुशेवा शाखाको इकाई कार्यालयलाई बुझाउने छ ।

११)**"कार्यालय प्रमुख"** भन्नाले हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशुकीय अधिकृतलाई बुझाउने छ ।

१२)**"शाखा प्रमुख"** भन्नाले हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झ्यालबासको सम्बन्धित कृषि वा पशु सेवा शाखालाई बुझाउने छ ।

१३)**"बैठक"** भन्नाले कृषक समुहको बस्ने बैठकलाई बुझाउने छ ।

१४)**"समिति"** भन्नाले हुप्सेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,को दफा ६ बमोजिमको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिलाई बुझाउने छ ।

## परिच्छेद २
## कृषक समुह गठनको उद्देश्यः

स्थानीय सरकार संचालन ऐन, २०७४ र हुप्सेकोट गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ ले तोके बमोजिमका विभिन्न कृषि सम्बन्धी कार्यहरुको सम्पादनका लागि कृषकहरुका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरुको कृषि सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पूँजी विकास लगायतका कार्यहरु मार्फत कृषिको व्यवसायिकरणका लागि सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरुमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु अवश्यक रहेको छ । यस निर्देशिका बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरु निम्न अनुसार हुनेछन्।

**३.समूहको उद्देश्य तथा कार्यहरु**

१.समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउदो पशुपालन तथा कृषि वालीनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

२.समूहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने ।

३.खेती योग्य जमिनमा सिंचाईको व्यवस्थापन गर्ने ।

४.प्रांगारिक उत्पादनमा जोड दिने ।

५.कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने ।

६.कृषि उत्पादन,प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु सेवा प्रजननका कार्यहरु, पशु आहारा, पशु स्वास्थ्यसेवा र पशु तथा पशुपन्छी बजारीकरण पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने ।

७.गोठ तथा भकारो सुधार गर्ने ।

८.मौरीपालन तथा च्याउ खेती गर्ने ।

९.मौसमी तथा बेमौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने ।

१०.नयाँ प्रविधिहरुको परीक्षण गर्ने ।

११.सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

१२.जैविक विविधताको संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

१३.कृषि वन,वातावरण संरक्षण,सम्बर्द्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने ।

१४.मासिकरुपमा बचत उठाउने र परिचालन गर्ने ।

१५.समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्ने ।

१६.कृषि पर्यटन सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद ३
## कृषक समूह गठन तथा समूह दर्ता

**४.समूहमा कृषक संख्याः**
खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोग चलनकर्ताहरु वा एकै उद्देश्यका लागि कृषि वा पशु पालन गरी आएका वा गर्ने १५ जना भन्दा माथि २५जना सम्म कृषकहरु मिलि स्वःस्फूर्त रुपमा आफैं वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्ने छन् । तर कुनै विशेष प्रयोजन र अवस्थामा २५ जना भन्दा बढि सदस्य राखी समूह गठन गर्न पनि सकिने छ । तर यस्तो अवस्थामा समुहले यथेष्ट कारण खुलाउनुपर्ने छ ।

**५.कार्यालयबाट सहजिकरणः** उन्नत कृषि प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समुह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछ।

**६.समूह दर्ताको लागि पेश गर्नुपर्ने कागजातः** समूह गठनका लागि पहिलो आम भेलाबाट भएका निर्णयको प्रतिलिपि,दोस्रो बैठकबाट भएका निर्णयको प्रतिलिपि,समूहबाट तयार गरि पारित गरिएको विधान,सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची १,२ बमोजिमको फर्मेट भरि दर्ताका लागि यस गाउँपालिकामा पेश गर्नु पर्ने छ।यस निर्देशिका लागु हुनु भन्दा अगाडी यस कार्यालयमा दर्ता भएका समूहको हकमा यसै निर्देशिका बमोजिम दर्ता भएको मानिने छ ।

**७.समूहको आफ्नो विधान र छाप हुनुपर्नेः** समूहको आफ्नो विधान हुनुपर्दछ । विधान तयार गर्नका लागि नमुना विधान यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । उक्त नमुना बिधानलाई भौगोलिकता र उद्देश्य अनुकूल परिमार्जन गरी समूहबाट पारीत गराउनु पर्नेछ । समूहबाट पारीत बिधानलाई यस कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ। समूहको आफ्नै छाप हुनुपर्ने छ ।

**८.निर्वाचन प्रक्रियाको आधारः** समूहको कार्यसमिति चयन गर्दा समूहमा रहने विभिन्न पदाधिकारीहरु सर्ब सम्मतरुपबाट चयन हुने छन् । कुनै किसिमले सर्वसम्मत रुपबाट चयन हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्धारा सदस्यहरुबाट पदाधिकारीहरु चयन गरिने छ। यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा गाउँपालिकाबाट सहजिकरण हुन सक्नेछ ।

**९.समूह दर्तामा दस्तुर नलाग्नेः** उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालयले छानबिन गरि आवश्यक प्रक्रिया पुर्याई समूह दर्ता गर्नु पर्छ भन्ने लागेमा समूह दर्ता गरी समूह दर्ता प्रमाणपत्र प्रदान गरिनेछ।यसरी वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा वा कार्यालयमा समूह दर्ता गर्दा कुनै किसिमको दस्तुर लाग्ने छैन।

**१०.समूह दर्ता प्रमाण पत्रः** कार्यालयको निर्णय अनुसार कार्यालयमा सो को दर्ता अभिलेखीकरण गरि समूहलाई प्रमाण पत्र दिईने छ ।समूह दर्ता भए पछि यस्ता समूहहरुले गाउँपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य गर्नेछन्।

**११.नवीकरणः** समूह गठन र दर्ता उपरान्त प्रत्येक दुइ/दुइ वर्षमा समूह नवीकरण गर्नु पर्ने छ । यस निर्देशिका लागु हुनु भन्दा अगाडी यस कार्यालयमा दर्ता भएका समूहहरुको हकमा यसै निर्देशिका बमोजिम भएको मानिनेछ र दुइ/दुइ वर्षमा दर्ता नबिकरण गर्नु पर्ने छ।यसरि तोकिएको समयमा नबिकरण गर्दा कुनै किसिमको दस्तुर लाग्ने छैन।अन्यथा तोकिए बमोजिम जरिवाना लाग्नेछ । नबिकरण गर्दा अनुसूची ४,५,६ बमोजिमका फाराम भरि पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४
## कृषक समूह परिचालन

**१२.मासिक बैठक बस्नु पर्नेः**समूह गठन पश्चात कृषकहरु अफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रुपमा बस्नु गर्नेछ ।समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ ।

**१३.समूह बचत र परिचालनः** समूहले मासिक रुपमा सदस्यहरुबाट मासिक बचत उठाउनेछ।समूह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको व्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन् ।

**१४.समूहको बैक खाता सञ्चालनः** समूहको आफ्नो खाता हुनेछ ।संयूक्त दस्तखतमा खाता सञ्चालन हुनेछ । अध्यक्ष र सचिव मध्ये १ जना र कोषाध्यक्षको अनिवार्य दस्तखत बाट खाता संचालन हुनेछ ।

**१५.बाली पात्रो/कार्ययोजना तयार गर्नेः** समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि आवधिक (मासिक/चौमासिक/बार्षिक)कार्ययोजना तयार गर्नेछन् । तयार भएको कार्ययोजना अनुसार समुह सदस्यहरुले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्यक्रमहरु संचालन गर्ने छन् ।

**१६.समूहको निर्णय समूह पद्धतिमा गरिनु गर्नेः** समूहमा आईपर्ने समस्याहरु समूहको सामुहिक निर्णय प्रक्रिया अनुसार समाधान गरिनु पर्नेछ।समूहमा आई पर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निवारण गर्नेछन्। समूहको अनुरोधमा कार्यालयले समुहको सहजीकरण गर्न सक्नेछ ।

**१७.समूहको रेकर्डः** समूहको एक फायल यस कार्यालयमा रहने छ,जसमा समूहको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्डहरु, समूहको बैंक खाताको स्टेटमेन्ट आदि रहनेछन् । समूहले पनि आफ्ना क्रियाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

**१८.खेती खर्चको विवरण राख्नु पर्नेः** समूहका प्रत्येक सदस्यहरुले आफूले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन, भण्डारण, ढुवानी, बजारीकरण लगायत सबै कार्यहरुको लागत खर्च र विक्रीबाट भएको आम्दानी अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

**१९.प्रगति प्रतिवेदन र समीक्षाः** समूहले प्रत्येक मासिक बैठकमा गरिएको निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धी र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, बालीनालीको अवस्था, बालीनालीहरु लगाउँदा भएको खर्च र बाली कटानी उपरान्त बिक्री गरी भएको आम्दानी आदी कार्यहरुको चौमासीक समीक्षा गर्नु पर्ने छ।

**२०.समुहमा मेलमिलाप हुनु पर्नेः** समुहका सदस्यहरु बीच एक आपसमा आपसी सद्भाव,मेलमिलापको भावना कायम राख्नु पर्नेछ।समुहका बैठकहरुमा समुहका सदस्यहरुको बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयुक्तहुन्छ भन्ने समुहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सदभाव,सहकार्य बृद्धिमा योगदान गर्न सक्ने छन।

**२१.व्यवसाय दर्ता गर्नु पर्नेः** कृषक र कृषि कार्यलाई ब्यबसायिक र व्यवसायिकरणमा रुपान्तरणका लागि समुह गठन गरिने भएकोले समुहका सदस्यहरु मिलेर व्यक्तिगत वा समुहगत रुपमा सञ्चालन गरिने कृषि व्यवसाय गाउँपालिकामा दर्ता गर्नु पर्नेछ। कृषि व्यवसायको मापदण्ड तोकिए कमोजिम हुनेछ।

**२२.कृषि उत्पादन सामग्री तथा कृषि उपज सामाग्रीहरुको बजार व्यवस्थापनः** समुहले कृषि उत्पादन साग्रीहरुको व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई विउ विजन,रासायनिक तथा प्राङ्गरिक मल, सिँचाइका सामाग्रीहरु, कृषि मेसीनरी लगायत कृषि उपज सामाग्रीहरुको व्यस्थापन र व्यापारिक कारोबार गर्न सक्नेछ।त्यसैगरी आफ्नो समुह भित्र वा बाहिरका कृषकहरुले उत्पादन गरेका कृषि उपज सामाग्रीहरुको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्नेछन।

**२३.गाउँपालिकाको कार्यक्रममा सरीक हुनु पर्नेः** कृषक समुहले गाउँपालिकाबाट सञ्चालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमलाई सफल पार्न यथाशक्य सहयोग गर्नु पर्नेछ।

**२४.वडास्तरीय कृषक समुह समन्वय समितिः** समुह पद्धतिलाई विकसित गर्दै कृषि प्रबिधि एबम सेवालाई समानुपातिक रुपमा बिस्तार गर्नका लागि वडा भित्र रहेका सबै समुहहरुबाट समानुपातिक रुपमा प्रतिनिधित्व रहने गरि १/१ जना र गाउँपालिकाबाट उत्कृस्ट समुह मध्ये बाट मनोनीत १ जना गरि वडास्तरीय कृषक समुह समन्वय समितिको गठन गर्न सकिनेछ ।यसको कार्यविधि तोकिए बमोजिम हुनेछ।

**२५.गाउँपालिका स्तरीय कृषक समूह समन्वय समितिः** समुह पद्धतिलाई विकसित गर्दै कृषि प्रबिधि एबम सेवालाई समानुपातिक रुपमा बिस्तार गर्नका लागि गाउँ पालिका भित्र रहेका सबै वडा स्तरीय कृषक समुह समन्वय समिति बाट समानुपातिकरुपमा प्रतिनिधिहरु रहने गरि२/२ जना र उत्कृस्ट समुह मध्ये बाट मनोनीत १ जना गरि १३ जना पालिकास्तरीय कृषक समुह समन्वय समितिको गठन गर्न सकिनेछ ।यसको कार्यविधि तोकिए बमोजिम हुनेछ।

**२६.कृषि समुह सहकारीमा परिणत हुनेः** कृषक समुहहरु समुहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारिमा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारिमा परिणत हुन सक्नेछ। यस्तो अवस्थामा साविक कृषक समुहले गरेका सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सहर मान्य हुनेछ।

**२७.अन्यलाई पनि ज्ञान बुझाउनु पर्नेः** समुह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफुमा भएको ज्ञान सो सम्बन्धी अभिरुचि राख्ने अन्यलाई पनि बुझाउनु पर्ने छ। समुहले कृषि प्राविधिक र अन्य कृषकहरुको वीचमा सहजिकरणको कार्य पनि गर्न सक्ने छन।

**२८.समुहमा अन्य सामाजिक विषयहरुको सन्दर्भः** सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समुह सदस्यहरुले नेतृत्व विकास, उन्नत खेती प्रणालीको अवलम्बन, स्वास्थ,शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुचि लिनेछन र समुह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन।

**२९.समुहबाहेक पनि कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्न सकिने :**गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समुह, कृषि सहकारी, कृषि फर्महरु,कृषिमा आभारित गैरसहकारी संस्थाहरु,गाउँ तथा टोल समितिहरु, निजि व्यवसायीहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरुसंग र समूहमा आवद्ध नभएका कृषकहरु संग पनि सहकार्यमा कार्यक्रम संचालन गर्न सकिनेछ।

**३०.अन्य संस्थाबाटहरु गठित समूहहरुः** गाउपालिका क्षेत्र भित्र क्रियाशिल सहकारी संस्थाहरु,गैरसहकारी संस्थाहरु,गाउँ तथा टोल समितिहरु, निजि व्यवसायीहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरुले कृषि तथा पशु विकाससँग सम्बन्धि समुह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समुहहरुलाई यस निर्देशिका बमोजिम गठित समुह मानिनेछ।तर यस्ता सँस्थाहरु बाट गठन हुने समुहको उदेश्य,स्थान,कार्यक्रम बारे गाउँपालिकालाई पूर्व सुचना दिई स्वीकृत लिई गठन गर्नुपर्ने छ।

## परिच्छेद ५
## कृषक समुहको नियमन र पारदर्शिता

**३१.बार्षिक लेखा परिक्षण र सार्वजनिक सुनुवाई :** समुहले बार्षिक रुपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ।लेखा परिक्षण प्रतिवेदनको प्रतिबेदन गाउँपालिकाको कृषि एबम पशु सेवा शाखामा समेत उपलब्ध गराउनु पर्नेछ।त्यस्तै बर्षको एक पटक सार्वजनिक सुनुवाई पनि सञ्चालन गर्नु पर्नेछ।

**३२.बार्षिक साधारण सभा :** समुह गठन भई दर्ता भएको एक वर्ष भित्र र प्रत्येक बर्ष बर्षमा समुहले साधारण सभाको आयोजना गर्नु पर्ने छ।साधारण सभामा बार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, आयव्ययको विवरण, आउदो बर्षको कार्यक्रमहरुको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्ने छ। यसको एक प्रतिबेदन गाउँपालिकालाइ उपलब्ध गराउनु पर्नेछ।

**३३.अधिवेशन र विशेष अधिवेशन**: समुहको सर्वोच्च अङ्ग समुहको अधिवेशन हुनेछ। अधिवेशन गर्ने अविध समुहको विधान बमोजिम निर्धारण हुनेछ।विधानमा समुहले बिशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ।

**३४.अन्य संघ संस्थाहरुसंगको समन्वय :**समुहले अनुमति लिई कुनै संस्थाले अन्य संघ संस्थाहरुसंगको सहकार्यमा कृषि प्रविधि सम्बन्धी अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछ।

**३५.समुहको अनुगमन :**यस गाउँपालिका भित्र रहेका कृषक समुहहरुको अनुगमन,निरीक्षण र नियमन गाउँपालिकाबाट एंव गाउँपालिकासंगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समुहका कृयाकलाप एंव समुहका कागजातहरुको अध्ययन,अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन। प्राप्त पृष्ठपोषणहरु उपर समुह बैठकमा छलफल गरि निर्णय गर्नु पर्नेछ।

## परिच्छेद ६
## समुहको कोष सम्बन्धी ब्यबस्था

**३६.समूहको कोष :** समुह संचालन,ब्यबस्थापन र सबलिकरणका लागि समूहले एउटा कोष खडा गर्नु पर्नेछ।सो कोषमा निम्न प्रकारका रकमहरु जम्मा गर्नु पर्ने छ।

क) समुहको बचत रकम।

ख) सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम।

ग) दान,दातव्य तथा अन्य रकम।

घ) ब्याज तथा अन्य बिबिध रकम ।

**३७.समुहको खाता :** समुहले आफ्नो नाममा सरकारी मान्यता प्राप्त ब्यांकमा खाता खोलेको हुनुपर्ने छ।

**३८.कोष सम्बन्धी नियम बनाउने**ः समुह संचालन,ब्यबस्थापन र सबलिकरणका लागि समूहले कोष ब्यबस्थापन तथा परिचालन सम्बन्धी नियम बनाउन सक्नेछ।सो नियमलाइ पारित गरि गाउँपालिकाबाट स्वीकृत गराई लागु गर्नुपर्ने छ।

## परिच्छेद ६
## बिबिध

**३९.समुह निष्कृयको अवस्था :**लगातार ३ महिना सम्म मासिक बैठक नबसेमा, समुहमा कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिनं कारणले समुह निष्कृय भएको गुनासो प्रमाणित भएमा समुह निष्कृय भएको मानिनेछ। यस्तो अवस्था कार्यलयबाट कृषि विकास कार्यक्रमहरुको लागि यस्ता समुहसंग सोझेदारी गरिने छैन।

**४०.समुह विगठन हुन सक्ने :**पटक पटक समुहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा,सहकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा,समुह निष्कर्य भएमा,समुहको निर्णय अनुसार समुह विघटन गरिएमा, प्रचलित नियम विपरित कार्यहरु गरेमा वडा कार्यलयको सिफारिसमा कार्यालयबाट छानविन गरी समुह विघटन गर्न उचित देखिएमा

विघटन गरिनेछ। यसरि विगठित सदस्यहरुबाट जम्मा भएको बचत रकम समुहको अभिलेखका आधारमा साँवा ब्याज वितरण गरिनेछ।

**४१.संशोधन :**आवश्कता र औचित्यताको आधारमा गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिनेछ।

**४२.खारेज :**यस कार्यविधिमा उल्लेखित कुरा प्रचलित कानून बमोजिम बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

रु १०।-को टिकेट

**अनुसूचिः १**

**(निर्देशिकाको बुदा नं.६ बमोजिम समुह गठनका लागि कार्यालयमा दिइने निबेदन )**

## समूह सुचिकृत गर्न भर्नु पर्ने अनुरोध फारम

**मिति : २०७........./........./........**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको
कार्यालय झ्यालबास।

विषय : समुह दर्ता गरी पाउँ।

महोदय,
प्रस्तुत बिषयमा देहाय बमोजिमको विवरण तथा कागजात संलग्न राखी समुह दर्ताको लागि निबेदन पेश गरेका छौं। कृपया समूह दर्ता गरी पाउँन अनुरोध गर्दछौ।

१. समूहको नामः
२. ठेगानाः
३. समूह गठन मितिः
४. समूह गठनको मुख्य उदेश्यः
५. समुहको बचतकोषमा जम्मा भएको रुः
६. समुहको मासिक बचतकोष रकम रुः
७. प्रति व्यक्ति प्रति महिना बचत रकम रुः
८. नियमित समूह बैठक बस्ने मितिः स्थानः समयः
९. समुहको जातिगत विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| दलित | | | |
| जनजाति | | | |
| अन्य जाति | | | |
| जम्मा | | | |

हुप्सेकोट गाउँपालिका

१०.समुहको सैक्षिक विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण लेखपढ | | | |
| एस.एल.सि./आइ.ए. | | | |
| बि.ए.वा सो भन्दा बढी | | | |
| जम्मा | | | |

११ जग्गा सम्बन्धी विवरण

| विवरण | ५ कट्ठा सम्म | ५-१० कट्ठा सम्म | १० -२० कट्ठा सम्म | २० कट्ठाभन्दा माथि |
|---|---|---|---|---|
| | | | | |

१२.माथि उल्लेखित व्यहोरा ठिक साँचो हो भनि सहि गर्ने;

| नाम | पाद | ठेगाना | फोन न | हस्ताक्षर |
|---|---|---|---|---|
| | अध्यक्ष | | | |
| | सचिब | | | |
| | कोषध्यक्ष | | | |

**अनुसूचिः २**

**(निर्देशिकाको बुदा नं.६ बमोजिम समुह गठनका लागि कार्यालयमा दिइने समुह सदस्यहरुको बिबरण फारम )**

## समूह दर्ता (सुचिकृत )आबद्धता गर्दा पेश गर्नु पर्ने समुह सदस्यहरुको विवरण

| क.स. | समूह सदस्यको नाम | ठेगाना | उमेर | सैंक्षिक योग्यता | जम्मा जग्गा कट्ठा | ब्यबसायिक खेती | | | | | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बालि | | बालि | | बालि | | बालि | |
| | | | | | | नाम | क्षे. | नाम | क्षे. | नाम | क्षे. | नाम | क्षे. |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

समुह सचिवको नाम ठेगाना दस्तखत

समुह अध्यक्षको नाम ठेगाना दस्तखत

**अनुसूचिः ३**

**पहिलो पेज (निर्देशिकाको बुदा नं.१० बमोजिम समुह गठन र दर्ता पछि कार्यालयबाट दिइने प्रमाण पत्रको नमुना )**

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
झ्यालबास ,नवलपरासी (व.सु.पू)
गण्डकी प्रदेश

दर्ता नं. मितिः

**कृषक समूह दर्ता प्रमाण - पत्र**

समूह पद्धतिलाई सुब्यबस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस हुप्सेकोट गाउँपालिका वडा नं................... मा मिति...................................................मा गठित श्री .................................................. कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

.................................... प्रमुख प्रशासकिय अधिकृत
शाखा प्रमुख
कृषि शाखा

**दोस्रो पेज : (निर्देशिकाको बुदा नं.११ बमोजिम कार्यालयबाट दिइने प्रमाण पत्रको नबिकरण नमुना )**

| **समूह नविकरणको विवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **नविकरण** | | **नविकरण शुल्क** | | | | फाटँवाला | प्रमाणित गर्ने |
| मिति | मान्य रहने अवधि | दस्तुर रु. | जरिवाना रु. | जम्मा रु. | रसिद नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोटः**

१.यो प्रमाणपत्र समूहको कार्यालयमा सबैले देखिने गरि राखु पर्नेछ।

२.नबिकरण अबधि समाप्ति पछिको ३५ दिन भित्र निशुल्क नविकरण गरि सक्नु पर्नेछ।

३. तोकिएको समय भित्र नविकरण नगराएमा रु ५००।– जरिवाना लिइ नविकरण गर्न सकिनेछ।

४. यो प्रमाणपत्र हराएमा समुहको निर्णय सहित निबेदन पेश गरेमा रु ३००।– जरिवाना लिइ प्रतिलिपि उपलब्ध गराउन सकिनेछ।

५. अन्य कुराको हकमा समुहको विधान र प्रचलित ऐन अनुसार हुनछ ।

**अनुसूचिः ४**

**(निर्देशिकाको बुदा नं.११ बमोजिम समुह नाबिकरणका लागि कार्यालयमा दिइने निबेदन फारम )**

रु १०।—को टिकेट

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू मितिः

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय
झ्यालबास ,नवलपरासी (व.सु.पू)
गण्डकी प्रदेश ।

बिषयः- कृषक समूह नबिकरण गरि पाउँ।

उपरोक्त सम्बन्धमा मिति :- ..............................................मा गठन भै ताहाँ कार्यालयमा मितिः- ........................... मा दर्ता भै दर्ता न .........................रहेको यस श्री ...................................कृषक समूह लाइ नबिकरण गर्न निम्नानुसारका कागजात सम्लग्न राखी पेश गरेको छु ।नबिकरण गरि दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**<u>संलग्न कागजात</u>**

- दर्ता प्रमाण पत्रको प्रतिलिपि
- आ.ब...........................देखि ......................सम्मको आर्थिक प्रतिबेदन ।
- आ.ब...........................देखि ......................सम्मको प्रगति प्रतिबेदन ।

नामः-
पदः-
हस्ताक्षरः-
समुहको नामः-
ठेगानाः-
समुहको छापः-

हुप्सेकोट गाउँपालिका

**अनुसूचिः ५**

**(निर्देशिकाको बुदा नं.११ बमोजिम समुह नाबिकरणका लागि कार्यालयमा पेश गर्ने बार्षिक आर्थिक प्रगति प्रतिबेदन )**

# समुहको बार्षिक आर्थिक प्रतिबेदन

आ.ब.:-

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.स. | विवरण | रकम रु | क्र.स. | विवरण | रकम रु |
| १ | समुहको बचत रकम रु | | १ | ऋण लगानी रु | |
| २ | ऋण लगानीको ब्याज रकम रु | | २ | समुह संचालन खर्च रु | |
| ३ | अन्य आम्दानि रु | | २.१ | | |
| ३.१ | | | २.२ | | |
| ३.२ | | | २.३ | | |
| ३.३ | | | २.४ | | |
| ३.४ | | | ३.४ | | |
| | | | | | |
| | | | | | |
| | जम्मा रु | | | जम्मा रु | |

अनुसूचिः ६

**(निर्देशिकाको बुदा नं.११ बमोजिम समुह नाबिकरणका लागि कार्यालयमा पेश गर्ने बार्षिक प्रगति प्रतिबेदन )**

# समुहको बार्षिक प्रगति प्रतिबेदन

आ.ब.:-

| क्र.स. | ब्याबसायिक कार्यक्रम | परिमाण | क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**प्रमाणीकरण मितिः२०७७/०२/२३**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०२/२५**

**आज्ञाले,**

**कृष्ण सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**